(नेपाली)

# स्थानीय कर ब्रोशर




Prefectural Tax Office in Tochigi

## नम्बर १ स्थानीय करको सारांश

स्थानीय कर、 सामान्य नियमको रूपमा,स्थानीय कर कानून र स्थानीय सरकारको नियममा आधारित मानी लगाइन्छ। तोचिगी प्रान्त मा बस्नु हुने सबैजना को जिबन सैली लाइ सुमधुर अनि सहज बनाउन गरिने काम या सर्भिश मा खर्च हुने〝सामान्य कार〞को रुप मा पनि लिन सकिन्छा।

स्थानीय कर, तोचिगी प्रान्तद्वारा लगाइएको प्रिफेक्चुरल कर र नगरपालिकाले बसोबास द्वारा लगाएको नगरपालिका करमा विभाजित हुन्छन्। करहरूमा तिर्ने मिति हुनेछ, निष्पक्षता हुनेछ, निष्पक्ष समाजलाई महसुस गर्न, त्यो समय सीमा भित्र भुक्तानी गर्नु पर्ने छ।

यस पम्फ्लेटको लक्ष्य、 तपाईहरु लाई स्थानीय करको बारेमा मार्गदर्शन गर्नु को साथ साथमा कर भुक्तानीको महत्त्वको बारे जानकारी दिनु हो।




**विद्यालय, दमकल विभाग तथा पुलिस आदिले तपाई हरु ढुक्क भएर जिउनको लागि गरिने कार्य हरु मा कर को प्रयोग गरिन्छ ।**

## नम्बर २ प्रिफेक्चुरल करको बारेमा

○ प्रिफेक्चुरल करको बारेमा

तोचिगी प्रिफेक्चर द्वारा लगाइने कर, नगरपालिका कर संगै प्रिफेक्चर कर सबै गर्दा १० ओटा भन्दा बढी कर हरु हुन्छन। तेस मध्ये, बिशेष गरि तपाई हरु लाई लाग्ने महत्वपुर्ण प्रान्त कर हरु को बारेमा बताउछौ।

(1) अटोमोबाईल कर

प्रत्येक वर्ष अप्रिल १ मा, सामान्य गाडी हुने लाई लगाउने प्रीफेक्चुरल कर हो, प्रिफेक्चरबाट कर भुक्तानी गर्ने व्यक्तिलाई कर भुक्तान पत्र पठाईनेछ, मेको अन्त्यसम्म तिर्नु पर्ने छ। यदि त्यो दिन शनिबार, आइतवार, वा छुट्टीको दिन परेमा, अर्को हप्ताको पहिलो दिन अन्तिम म्याद हनेछ।

थप कुरा, अक्टुबर १, २०१९ बाट, अटोमोबाईल करमा「वातावरणीय प्रदर्शन छुट」स्थापना हुने छ। परम्परागत कार कर「वर्गीकरण दर」हुने छ।

○ अटोमोबाईल कर छुट प्रणाली

तोचिगी प्रिफेक्चरमा、 यदि तपाईं शारीरिक रूपमा असक्षम हुनुहुन्छ ,मानसिक र शारीरिक विकास र मानसिक अशक्तता भएका व्यक्तिहरूको लागि प्रयोग हुने कारहरूको बारेमा, केहि आवश्यकताहरु अन्तर्गतकर कर कटौती गरिएको छ ,

यदि तपाईंसँग शारीरिक अशक्तको प्रमाणपत्र छ भने, अशक्तताको सामग्रीमा निर्भर गर्दै करहरु घट्न सक्नेछ、 कृपया प्रिफेक्चुरल कर अफिससँग परामर्श लिनुहोस्।

(2) घर जग्गा अधिग्रहण कर

घर जग्गा (घर र जग्गा) प्रिफेक्चर द्वारा घरधनी लाइ लगाउने रकम हो। तपाईले नगरपालिकालाई हरेक वर्ष तिर्ने सम्पत्ति कर बाहेक, घर जग्गा लीदा एक पटक मात्र तिर्नु पर्ने कर हो।

(3) व्यक्तिगत व्यापार कर

प्रान्त भित्र कार्यालय・कार्यालय भएको खण्डमा, कानून द्वारा मान्यता प्राप्त भई व्यवसाय गरिरहेका व्यक्तिहरूमा प्रिफेक्चरले लगाउने कर हो। प्रिफेक्चरबाट कर भुक्तानी गर्ने(सम्बन्धित) व्यक्तिलाई कर भुक्तान पत्र पठाई, नियम अनुसार, अगस्ट र नोभेम्बर गरि दुई पटकमा तिर्नु पर्ने हुन्छ।

○ सजिलो बैंकिंग भुक्तानी प्रयोग गरौ

अटोमोबाइल कर र व्यक्तिगत व्यापार कर भुक्तानी मा सजिलो बैंकिंग सुभिदा प्रयोग गरौ , बिजुली अनि ग्यास को बिल जसरि ,तोकिएको दिन मा तोकिएको रकम तोकिएको बैंक बाट नबिर्सी सजिलो गरि कर तिर्न को लागि बैंकिंग सेवा प्रयोग गरौ। आवेदन फारामहरू प्रत्येक वित्तीय संस्था र प्रिफेक्चरल करअफिसमा उपलब्ध गराईएको छ एक पटक पाल्नु होला।

## नम्बर ३ नगरपालिका कर को बारेमा

○ नगरपालिका कर बारे

नगरपालिकाले लगाएको कर मध्ये, हामी तपाईंलाई विशेष रूपमा सान्दर्भिक नगरपालिका करहरू पेश गर्नेछौं। करहरू र भुक्तानीको मितिहरू नगरपालिका अनुसार फरक फरक हुन सक्ने छन् । यदि तपाईंसँग केही प्रस्नहरु छन् भने कृपया तपाईंको नजिकको नगरपालिकासंग सल्लाह लिनुहोस्।

(1) नगरपालिका प्रीफेक्चुरल कर

यो कर जनवरी १ तारिखमा तोचिगी प्रान्तको नगरपालिकामा ठेगाना हुनेहरूमाथि लगाइने कर हो। तपाईंको पछिल्लो वर्षको आम्दानीको आधारमा तपाईंलाई कर लगाइनेछ, र तपाईंले शहर कर र प्रिफेक्चर कर समावेश गरि भुक्तानी गर्नुपर्ने छ।

शहर अनि प्रिफेक्चरमा कर तिर्ने तरिका, जसमा सामान्य तरिका र विशेष तरिका छन् , तपाईले कुनै पनि तरिकाले कर तिर्न सक्नु हुनेछ।

सामान्य तरिका, शहरबाट कर भुक्तानी गर्ने व्यक्तिलाई कर भुक्तानी चिठी पठाइनेछ, करदाताले सिधै कर भुक्तान गर्न मिल्ने तरिका हो। वर्ष मा चार पटक गरि तिर्नुपर्नेछ।

कृपया ध्यान दिनुहोस् कि भुक्तानी समय तपाईं बस्ने शहरमा निर्भर गर्दछ।

अर्कोतर्फ, विशेष तरिका, शहरबाट तोकिएको भुक्तानी गर्नु पर्ने रकम कार्यालय मा कर भुक्तानी गर्ने (व्यक्ति)को तलब बाट कर घाटाई तलब दिने तरिका हो। यदि तपाईं कम्पनी छोड्दै हुनुहुन्छ वा जापान छोड्दै

हुनुहुन्छ भने, नगरपालिकालाई जानकारी गराउनु होला।

(2) हल्का अटोमोबाईल कर

प्रत्येक वर्ष अप्रिल १ मा, (हल्का कारहरू ६६० सीसी वा त्यो भन्दा पनि सानो सवारी) लाई लगाउने प्रिफेक्चर कर हो, प्रिफेक्चरबाट कर भुक्तानी गर्ने व्यक्तिलाई कर भुक्तान पत्र पठाईनेछ, मेको अन्त्यसम्म तिर्नु पर्ने छ। यदि त्यो दिन शनिबार, आइतवार, वा छुट्टीको दिन परेमा, अर्को हप्ताको पहिलो दिन अन्तिम म्याद हुनेछ।

थप कुरा, अक्टुबर १, २०१९ बाट、अटोमोबाईल करमा 「वातावरणीय प्रदर्शन छुट」 स्थापना हुने छ। परम्परागत कार कर 「वर्गीकरण दर」 हुनेछ।

○ हल्का अटोमोबाईल कर छुट प्रणाली

तोचिगी प्रिफेक्चरमा、यदि तपाईं शारीरिक रूपमा असक्षम हुनुहुन्छ 、मानसिक र शारीरिक विकास र मानसिक अशक्तता भएका व्यक्तिहरूको लागि प्रयोग हुने हल्का कारहरूको बारेमा、केहि आवश्यकताहरु अन्तर्गतकर कर कटौती गरिने बेवस्था छ। ,

यदि तपाईंसँग शारीरिक अशक्तको प्रमाणपत्र छ भने, अशक्तताको सामग्रीमा निर्भर गर्दै करहरु घट्न सक्नेछ、कृपया प्रिफेक्चुरल कर अफिससँग परामर्श लिनुहोस्।

(3) सम्पत्ति कर

प्रत्येक वर्ष जनवरी १ मा, सहरमा निश्चित सम्पत्ति (जग्गा, घरहरू आदि) स्वामित्व लिनेहरूमाथि लागु गरिने कर हो। शहरबाट करदाता (व्यक्ति) लाई कर भुक्तानी चिठी पठाईनेछ र सो कर वर्षमा चार पटक गरि भुक्तान गर्न सकिन्छ।

कृपया ध्यान दिनुहोस् कि भुक्तानी समय तपाईं बस्ने शहरमा निर्भर हुन्छ।

○ शहर योजना कर

सम्पत्ति कर जस्तै, यो एक नगर योजना कर हो।

नगर योजना ऐन अन्तर्गत सहरीकरण क्षेत्रमा अवस्थित जग्गा र घरहरू हुने लाई प्रत्येक वर्ष १ जनवरी मा लगाइने कर हो।

(साथै, नगर योजना कर मिबू-चो र नोगी-माचीमा लगाईएको छैन।)

यदि तपाईंसँग उपयुक्त जमिन वा घर छ भने, तपाईं लाई सम्पत्ति कर सहित एक कर सूचना प्राप्त गराइने छ।

## नम्बर ४ राष्ट्रिय जिबन बिमा कर बारे

जापानको स्वास्थ्य सेवा प्रणाली ले सबै नागरिकहरु लाई सार्वजनिक स्वास्थ्य बीमा प्रणाली जस्तै स्वास्थ्य बीमा र राष्ट्रिय स्वास्थ्य बीमा मा सामेल गराएको छ।

राष्ट्रिय स्वास्थ्य बीमा कर भन्नाले यो कर प्रणाली सञ्चालनको लागि चाहिने अपरिहार्य स्रोत हो।

काम स्वास्थ्य बीमामा सम्मिलित हुनेहरू वा मेडिकल स्टेभ भिसाका साथ देशमा प्रवेश गर्ने बाहेक सबै राष्ट्रिय स्वास्थ्य बीमामा सम्मिलित हुनेछन्।

राष्ट्रिय स्वास्थ्य बीमा कर गत वर्षको आम्दानी लाइ आधार मानी नगरपालिका ले बनाउने गर्दछ, प्रतेक वर्ष जुलाई देखि फेब्रुअरी सम्म ८ किस्ता गरि तिर्न सकिने छ।

यदि तपाईं राष्ट्रीय स्वास्थ्य बीमामा सम्मिलित हुनुहुन्छ भने, तपाईं बिरामी वा घाइते हुदा कम खर्चमा चिकित्सा सेवा अनि स्याहार प्राप्त गर्न सक्नुहुनेछ।

## नम्बर ५ कर भुक्तान परामर्श बारेमा

निश्चित मिति भित्र भुक्तान नगर्नेहरूलाई, कर भुक्तानीलाई प्रोत्साहित गर्न एक पत्र पठाईन्छ। यति पत्र पठाऊदा पनि वास्ता नगरी भुक्तानी नभएको खण्ड मा तलब, बैंक को रकम, सवारी साधन, आदि जफत गरिनेछ।निश्चित मिति भित्र कर भुक्तानी गरौ।, यदि निश्चित मिति भित्र तिर्न कठिन भएको खण्डमा, अर्को पानामा दिएको सम्पर्क स्थानमा जानकारी गराउन नबिर्सनुहोला।

**यदि तपाईंले निर्धारित मिति सम्म भुक्तान नगरी भुक्तान कर बाकी राख्नुभयो भने, हामी तपाईंको तलब या बैंकको बचत पैसा निकाल्ने छौ,अनि फोटो मा देखाए जस्तै गाडी को टायर लक् गर्ने छौ ।**
**कर भुक्तान मिति लाइ ध्यान दिएर कर तिर्ने बनि बसालौ।**



○ जरिमाना

यदि तपाईंले तोकिएको मिति भित्र कर भुक्तान गर्नु भएन भने तपाईंलाई ढिला शुल्क(जरिमाना) लाग्नेछ। जरिमाना भुक्तानी गर्ने अन्तिम मिति देखि भुक्तान गरेर सकेको मिति सम्म लाग्ने छ।

○ बसाई अवधि(भिजा) को नवीकरण

जापान मा रहन को लागी नवीकरण अनुमति सम्बन्धमा, ˝कर भुक्तानी गरेको देखियो भने˝ भिजा नविकरण को लागी राम्रो पक्ष हो।

यदि तपाईं ले समयमा कर भुक्तानी गर्नु भएको छैन भने, तपाइको भिजा नबिकरण मा बाधा पनि आउन सक्ने छ। तेसैले समय मा कर तिर्ने बनि बसालौ।

(भिजा परिबर्तन , भिजा नबिकरण को गाईड लाइन (अध्यागमन ब्यूरो, न्याय मन्त्रालयबाट)

# 【सम्पर्क】

- प्रिफेक्चुरल करको बारेमा परामर्श ...

○ **तोचिगी केन**
तोचिगी सी कान्डामाची ६-६
तोचिगी कर कार्यालय   कर संकलन बिभाग
०२८२-२३-३४११

- नगरपालिका करको बारेमा परामर्श ...

(※ कृपया तपाइँको नगरपालिका संग परामर्श गर्नुहोस्।)

○ **तोचिगी सिटि**
तोचिगी सी मन चो ९−२५
तोचिगी सिटी हल कर संकलन बिभाग
०२८२-२१-२२८१

○ **ओयामा सिटि**
ओयामा सी च्युवो चो १चोमे १-१
ओयामा सिटी हल कर भुक्तान सेक्सन
०२८५-२२-९४४४ देखि ९४४६

○ **शिमोत्सुके सिटि**
शिमोत्सुके सी सासाहारा २६
शिमोत्सुके सी सरकारी कार्यालय कर प्रभाग भण्डारण समूह
०२८५-३२-८८९३

○ **मिबू माची**
मिबू माची तोरिमाची १२-२२
मिबू टाउन हल कर मामिला सेक्सन
०२८२-८१-१८१६

○ **नोगी माची**
नोगी चो ओआज मरुबायासी ५७१ बांची
नोकी टाउन हल, सामान्य नीति विभाग कर प्रभाग, कर संग्रह सेक्सन
०२८०-५७-४१२४

